*(मिति २०८३ असोज २९ गते बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकबाट भएका निर्णयहरू)*

<u>निर्णय नं. १</u>

प्रदेश विपद व्यवस्थापन कार्यकारी समितिको मिति २०८३।०६।१२ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धमा छलफल तथा समीक्षा गरियो।

<u>निर्णय नं. २</u>

मिति २०८३।०६।२५ गते बसेको प्रदेश तथा जिल्ला संयुक्त सुरक्षा समन्वय बैठकबाट भएका निर्णयहरू र मिति २०८३।०६।२६ गते जिल्ला प्रशासन कार्यालय, गोरखामा बसेको प्रमुख जिल्ला अधिकारी, पूर्वाधार विकास कार्यालय र स्वास्थ्य कार्यालयका कर्मचारीहरू सँगको संयुक्त समन्वय बैठकमा भएका छलफलका विषय एवं संयुक्त सुरक्षा टोलीले गोरखा-बुढीगण्डकी नदीमा आएको बाढीबाट क्षतिग्रस्त भएका स्थानहरूको स्थलगत अवलोकन गरेको सम्बन्धमा जानकारी लिई घटनाको अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

<u>निर्णय.नं. ३</u>

मिति २०८३ असोज २५ गते गोरखा-बुढीगण्डकी नदीमा आएको आकस्मिक विनाशकारी वाढी तथा पहिरोको विपद्जन्य घटनाका कारण बेपत्ता भएका नागरिकहरुको खोज तथा उद्धार कार्यलाई जारी राख्न सबै सुरक्षा निकायहरू र अन्य सम्बद्ध पक्षहरूलाई अनुरोध गर्ने। घाइते भएका नागरिकहरुको उपचार एवं शीघ्र स्वास्थ्यलाभको कामना गर्ने । खोज, उद्दार तथा राहत सम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउन सबै सुरक्षा संयन्त्र समन्वयात्मक तवरले परिचालन गर्ने/गराउने।

<u>निर्णय नं. ४</u>

प्रदेश गोदाम घर सञ्चालन कार्यविधि, २०७७ को दफा (८) बमोजिम प्रदेश आपतकालीन गोदामघरमा मौज्दात रहेका राहत सामाग्रीहरु मध्येबाट विभिन्न जिल्ला प्रशासन कार्यालयमा हस्तान्तरण गरिएका देहाय बमोजिमका राहत सामाग्रीहरुको अनुमोदन गर्ने। साथै, उक्त राहत सामग्रीहरू ढुवानी गर्ने कार्यमा सहयोग गर्ने सुरक्षा निकायहरूलाई धन्यवाद ज्ञापन गर्ने।

क) जिल्ला प्रशासन कार्यालय, गोरखाको प.सं. २०८३।८४, च.नं. १२३४, मिति २०८३।०६।२६ को पत्रबाट माग भएबमोजिम तत्काल विपद् प्रतिकार्य एवं व्यवस्थापनका लागि प्रदेश आपतकालीन गोदामघरमा मौज्दात रहेका राहत सामग्रीहरु मध्येबाट जिल्ला प्रशासन कार्यालय, गोरखालाई हस्तान्तरण भएका देहाय बमोजिमका राहत सामाग्रीहरु अनुमोदन गर्ने।

**<u>देहायः</u>**

- टेन्टः १०० (एकसय) थान

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

- म्याट्रेसः ५० (पचास) थान
- सिरानीः १०० (एकसय) थान

ख) जिल्ला प्रशासन कार्यालय, म्याग्दीको प.सं.२०८३।८४, च.नं.१०८६ ,मिति २०८३।६।२२ को पत्रबाट माग भए बमोजिम तत्काल राहत तथा पुनर्स्थापनाका लागि प्रदेश आपतकालीन गोदामघरमा मौज्दात राहत सामाग्रीहरु मध्येबाट जिल्ला प्रशासन कार्यालय, म्याग्दीलाई हस्तान्तरण भएका देहाय बमोजिमका राहत सामाग्रीहरु अनुमोदन गर्ने।

देहायः

- त्रिपालः १०० (एकसय) थान

ग) जिल्ला प्रशासन कार्यालय, पर्वतको प.सं. २०८३।८४, च.नं. ९७१,मिति २०८३।६।१३ को पत्रबाट माग भए बमोजिम तत्काल राहत तथा पुनर्स्थापनाका लागि प्रदेश आपतकालीन गोदामघरमा मौज्दात राहत सामग्रीहरु मध्येबाट जिल्ला प्रशासन कार्यालय, पर्वतलाई हस्तान्तरण भएका देहाय बमोजिमका राहत सामाग्रीहरु अनुमोदन गर्ने।

देहायः

- त्रिपालः १०० (एक सय) थान

निर्णय नं. ५

जिल्ला प्रशासन कार्यालय, म्याग्दीले प.सं.२०८३।८४, च.नं.११५२, मिति २०८३।६।२७ को पत्रमार्फत् ५० (पचास) थान टेन्ट माग गरेको हुँदा प्रदेश गोदाम घर सञ्चालन कार्यविधि, २०७७ को दफा (८) बमोजिम प्रदेश आमतकालीन गोदामघरमा रहेको मौज्दातबाट जिल्ला प्रशासन कार्यालय, म्याग्दीलाई ५० (पचास) थान टेन्ट उपलब्ध गराउने।

निर्णय नं. ६

मिति २०८३ असोज २५ गते गोरखा-बुढीगण्डकी नदीमा आएको लेदोसहितको आकस्मिक बाढीका कारण बेपत्ता भएका व्यक्तिहरूको आश्रित परिवार, घाइते भएका व्यक्ति तथा घरबारविहीन भएका व्यक्तिहरूलाई प्रदेश विपद् व्यवस्थापन नियमावली (तेस्रो संशोधन समेत), २०७७ को नियम १४ मा भएको व्यवस्था बमोजिम देहाय अनुसार राहत रकम जिल्ला विपद व्यवस्थापन समिति मार्फत् आवश्यक प्रक्रिया पुऱ्याई उपलब्ध गराउन प्रदेश सरकारलाई सिफारिस गर्ने।

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

क) विपद्को घटनामा परी मृत्यु भएको व्यक्तिको आश्रित परिवारलाई राहत स्वरुप प्रति मृतक एक लाख रुपैयाँसम्म,

ख) विपद्को घटनामा परी बेपत्ता भएका व्यक्तिको आश्रित परिवारलाई राहत स्वरुप प्रति व्यक्ति एक लाख रुपैयाँसम्म,

ग) विपद्को घटनाबाट जग्गा जमिन, पसल, व्यवसाय, खाद्यान्न तथा लत्ता कपडा नोक्सान भई जीवन निर्वाहको वैकल्पिक व्यवस्था नभएका परिवारलाई तत्काल बन्दोबस्त मिलाउन वढीमा पन्ध्र हजार रुपैयाँसम्म,

घ) विपद्को घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्ण रुपमा नष्ट भएको वा पूर्ण रुपमा नष्ट नभए तापनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नुपर्ने वा विस्थापित भै सुरक्षित स्थानमा अस्थायी आश्रयस्थल निर्माण गर्नको लागि बढीमा पच्चिस हजार रुपैयाँसम्म,

ङ) विपद्को घटनामा परी घाइते भएका व्यक्तिका लागि सरकारी वा सामुदायिक वा निजी अस्पतालमा उपचार गराउँदा लागेको बिल बमोजिमको खर्च बढीमा पचास हजार रुपैयाँसम्म,

च) विपद्को घटनामा परी मृत्यु भएको व्यक्तिको काज किरिया वा अन्तिम संस्कारका लागि मृतकको परिवार वा अन्तिम संस्कार वा काज किरिया गर्ने व्यक्तिलाई पच्चीस हजार रूपैयाँसम्म

<u>निर्णय नं. ७</u>

प्राकृतिक विपद्का कारण प्रभावित व्यक्तिका परिवारहरूलाई प्रदेश विपद व्यवस्थापन नियमावली, २०७७ (तेस्रो संशोधन समेत) बमोजिमको राहत रकम उपलब्ध गराउँदा देहाय बमोजिम गर्ने/गराउने:

क) प्रदेश विपद व्यवस्थापन नियमावली, २०७७ (तेस्रो संशोधन समेत) को नियम १४ बमोजिमको राहत रकम उपलब्ध गराउँदा नेपाल सरकार, गृह मन्त्रालय वा अन्तरगका निकायबाट प्राप्त हुने राहत वितरण गर्दा अवलम्बन गरिएका कानुनी आधार एवं अपनाइएका प्रकृयाहरू बमोजिम हुने गरी प्रदेश विपद व्यवस्थापन कोषबाट निकासा भएको रकम जिल्ला विपद् व्यवस्थापन कोषबाट वितरण गर्ने/गराउने व्यवस्था मिलाउन सम्बन्धित सबै जिल्ला विपद् व्यवस्थापन समितिहरूलाई निर्देशन दिने।

ख) प्राकृतिक विपद्मा परी बेपत्ता भएका व्यक्तिको हकमा प्रदेश विपद व्यवस्थापन नियमावली, २०७७ (तेस्रो संशोधन समेत) को नियम १४ बमोजिमको राहत रकम उपलब्ध गराउँदा मिति २०८३ साल असोज २३ गते नेपाल राजपत्रमा प्रकाशित विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशको दफा ३४क. बमोजिम गर्न/गराउन सबै जिल्ला विपद् व्यवस्थापन समितिहरूलाई निर्देशन दिने।

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

निर्णय नं. ८

प्रदेश गोदामघरमा मौज्दात रहेको राहत सामग्रीको विवरण यकीन गरी राहत तथा उद्धार कार्यका लागि आवश्यक पर्ने सामग्रीहरू विनियोजित बजेट तथा स्वीकृत कार्यक्रम अनुसार खरिद गरी आवश्यकतानुसार प्रदेश गोदामघरमा मौज्दात राख्ने व्यवस्था मिलाउने साथै सुरक्षा निकायहरूको मागअनुसार विपद उद्धारमा प्रयोग हुने उद्धार सामग्री खरिदका लागि रकम निकासा गर्ने।

निर्णय नं. ९

विपद्को अवस्थामा आवश्यक पर्ने उद्धार तथा राहत सामग्रीहरूको आवश्यकताको आँकलन र मूल्याङ्कन (Needs assessment) गरी सोही अनुसार उद्धार तथा राहत कार्यमा तत्काल उपयोग गर्न सकिने/मिल्ने गरी सामग्री खरिद, सङ्कलन तथा भण्डारणको व्यवस्था मिलाई विपद् प्रतिकार्यका लागि चुस्त अवस्थामा रहन सबै स्थानीय विपद् व्यवस्थापन समिति र जिल्ला विपद् व्यवस्थापन समितिहरूलाई निर्देशन दिने।

निर्णय नं. १०

विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक विपद्का घटनाबाट प्रभावित हुने क्षेत्रहरूमा तत्काल खोज, राहत (खाद्यान्न, औषधी, खोज तथा उद्धार सामग्री लगायतका) तथा अन्य अत्यावश्यक सामानहरू शीघ्र ढुवानी गर्ने प्रयोजनका लागि ढुवानी ड्रोन (Delivery Drone)को आवश्यकता, उपयोग र सञ्चालन सम्बन्धमा कार्यदिश प्राप्त भएको एक महिनाभित्र अध्ययन प्रतिवेदन पेश गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको उपसचिवको संयोजकत्वमा तपसिल बमोजिमका सदस्यहरू रहने गरी एक अध्ययन समिति गठन गर्ने।

तपसिलः

समितिको नामः **विपद् प्रतिकार्यका लागि ढुवानी ड्रोनको आवश्यकता, उपयोग र सञ्चालन सम्बन्धी अध्ययन समिति**

**समितिका सदस्यहरूः**

| क्र.सं. | पद/जिम्मेवारी | कार्यालय | समितिमा जिम्मेवारी |
|---|---|---|---|
| १ | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| २ | अधिकृतस्तरको सैनिक कर्मचारी | पश्चिम पृतना हे.क्वा. विजयपुर व्यारेक, पोखरा | सदस्य |
| ३ | अधिकृतस्तरको प्रहरी कर्मचारी | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | सदस्य |

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

मुख्यमन्त्री

| क्र.सं. | पद/जिम्मेवारी | कार्यालय | समितिमा जिम्मेवारी |
|---|---|---|---|
| ४ | अधिकृतस्तरको सशस्त्र प्रहरी कर्मचारी | सशस्त्र प्रहरी बल नेपाल, नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, पोखरा | सदस्य |
| ५ | अधिकृतस्तर सातौं/आठौं | आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश | सदस्य |
| ६ | अधिकृतस्तरको कर्मचारी | जिल्ला प्रशासन कार्यालय, कास्की | सदस्य |
| ७ | प्रशासकीय अधिकृत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला, शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन शाखा | सदस्य सचिव |

<u>निर्णय नं. ११</u>

विपद्बाट क्षतिग्रस्त भएका भौतिक संरचना (सडक, पुल, सिंचाई, खानेपानी, सरकारी भवन आदि) मर्मत तथा पुनर्निर्माण गर्ने क्रममा कतिपय आयोजनाहरू चालु ठेक्का वा त्रुटी सच्याउने अवधि (DLP)भित्र रहेको अवस्थामा ठेक्काको सम्झौता बमोजिमको Scope तथा शर्त भित्र पर्ने वाहेकको संरचनाको मर्मत तथा पुनर्निर्माण गरी विपद् पूर्वको अवस्थामा संरचना तयार गर्न सम्बन्धित विषयगत मन्त्रालयले स्रोत व्यवस्थापन गरी त्यस्ता संरचनाको मर्मत तथा पुनर्निर्माण कार्य गर्ने/गराउने।

२०८२/०६/२९

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल